संघीय संसद

प्रतिनिधि सभा

## सार्वजनिक लेखा समिति

# २२ औं वार्षिक प्रतिवेदन

## २०७९


सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

E-mail: pacommittee@parliament.gov.np

URL: parliament.gov.np

# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति

# २२औं
# वार्षिक प्रतिवेदन
## २०७९

**सार्वजनिक लेखा समिति सचिवालय**
सिंहदरवार, काठमाडौं

**फोन नं. ४२००२१८, ४२११७४४, ४२००२०६**
***E-mail: pacommittee@parliament.gov.np***
***URL: www.parliament.gov.np***

प्रतिनिधि सभा

## सार्वजनिक लेखा समिति

## बेरुजु छलफल उपसमिति

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

महालेखापरीक्षकको ५८औं वार्षिक प्रतिवेदन, २०७८ उपर मिति २०७९/०३/८, ९, १०, १२ र १६ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय –** मन्त्रालय र मातहतसमेत १२२ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब २ अर्ब ५८ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न गरेको । | *** |
| १.१ | उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रू.२ अर्ब ६६ करोड ५१ लाख समावेश छैन । | *** |
| १.२ | मन्त्रालय मातहतका ४ निकायको रू.१ अर्ब ५८ करोड ९४ लाखको लेखापरीक्षण गर्न बाँकी रहेको । | हाल लेखापरीक्षण सम्पन्न भैसकेको जनाएकोले केही गर्नु नपर्ने । अब आइन्दा समयमै लेखापरीक्षण गर्न गराउन निर्देशन दिने । |
| २ | **संगठित संस्था –** यो वर्ष ३ संस्थाको ५ आर्थिक वर्षको रू.१२ अर्ब ४१ करोड ९० लाखको लेखापरीक्षण सम्पन्न भएको । | *** |
| ३ | **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको । | *** |
| ४ | बजेट र खर्चको अवस्था – | *** |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

बेरुजुको

मलेपको ५८औं वार्षिक प्रतिवेदन

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४.१ | यो वर्ष वैदेशिक ऋण र अनुदान समेत रू.४ अर्ब ८१ करोड ३४ लाख (अनुमानको ६.५ प्रतिशत) प्राप्त भएको । | लक्ष्यअनुसार निर्धारित समयमै बजेट खर्च समयमै निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ४.२ | विनियोजित शीर्षकमा खर्च नगर्ने र विनियोजन नै नभएको शीर्षकमा स्रोतान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्तअनुरूप देखिएन । | वैदेशिक सहायता परिचालन गर्ने तर्फ ठोस नीति तय गर्न, कूटनैतिक पहल गरी स्रोत जुटाउन र अब आइन्दा विनियोजित शीर्षकमा खर्च नगरी विनियोजन नै नभएको शीर्षकमा स्रोतान्तर/रकमान्तर गरी खर्च गर्ने परिपाटी तत्काल अन्त्य गरी आर्थिक कार्यविधि कानूनको प्रभावकारीरुपमा पालना गर्न तथा पूर्वतयारी गरेर मात्र आयोजनाको छनौट गर्न निर्देशन दिने । |
| ४.३ | विनियोजन ऐन विपरीत रकमान्तर गरेको । | अब आइन्दा बिनियोजन ऐनको प्रभावकारी पालना गरी कानून विपरित श्रोतान्तर र रकमान्तर गर्ने प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गर्न निर्देशन दिने । |
| ४.४ | चौमासिक बजेट बाँडफाँट अनुसार खर्च नगरी तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरेको पाइयो । | कार्यान्वयन गर्न सक्ने लक्ष्यमात्र राख्न तथा आर्थिक बर्षको अन्तमा अत्यधिक खर्च गर्ने परिपाटीमा कडाइका साथ नियन्त्रण गर्न निर्देशन दिने । |
| ५ | **लक्ष्य र प्रगति -** | *** |
| ५.१ | मन्त्रालयमातहतका राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति २ प्रतिशतदेखि ५४ प्रतिशतसम्म रहेको छ । | उल्लिखित राष्ट्रिय गौरवका आयोजनाहरु तोकिएको लागत र समयभित्रै सम्पन्न गर्ने गरी कार्ययोजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५.२ | पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना २०६४।६५ मा शुरु भई २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य भए तापनि यो वर्षसम्म ४९ प्रतिशतमात्र भौतिक प्रगति भएको । | निर्धारित अवधिमा उल्लिखित परियोजनाको भौतिक प्रगति ४९ प्रतिशत मात्र भएको देखिएकोले उक्त आयोजनालाई यथाशीघ्र सम्पन्न गर्न पर्याप्त बजेट र जनशक्तिको व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५.३ | हुलाकी लोकमार्ग आयोजना २०६५।६६ मा शुरु भई २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ५४ प्रतिशत भौतिक प्रगति देखिएको। | निर्धारित अवधिमा परियोजनाको भौतिक प्रगति ५४ प्रतिशत मात्र भएको देखिएकोले उक्त आयोजनालाई यथाशीघ्र सम्पन्न गर्न पर्याप्त बजेट र जनशक्तिको व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५.४ | उत्तर-दक्षिण (कर्णाली करिडोर) लोकमार्ग आयोजना रू.४ अर्ब १० | उत्तर-दक्षिण (कर्णाली करिडोर) लोकमार्गको चालु आ.ब.मा २० प्रतिशत मात्र |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | करोडको लागतमा २०७०।७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा निर्धारित समयमा कार्य हुन नसकी संशोधित लागत अनुमान रू.११ अर्ब र अवधि २०७९।८० कायम भएको । | भौतिक प्रगति भएको देखिएकोले आयोजना लक्ष्यअनुसार प्रगति हासिल गर्न द्रुत रुपमा निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ५.५ | उत्तर-दक्षिण (कोशी करिडोर) लोकमार्ग आयोजनाको संशोधित लागत रू.१६ अर्ब २० करोड र सम्पन्न हुने अवधि २०८०।८१ कायम भएको। | उत्तर-दक्षिण (कोशी करिडोर) लोकमार्गको चालु आ.ब.मा १९ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिएकोले आयोजना लक्ष्यअनुसार प्रगति हासिल गर्न द्रुत रुपमा निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ५.६ | उत्तर-दक्षिण (काली गण्डकी कोरिडोर) लोकमार्ग आयोजना २०६६।६७ देखि शुरु भई २०८०।८१ मा सम्पन्न हुने लक्ष्य रहेकोमा यो वर्षसम्म रू २२ प्रतिशतमात्र भौतिक प्रगति भएको । | उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको चालु आ.ब.मा २२ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिएकोले आयोजना लक्ष्यअनुसार प्रगति हासिल गर्न द्रुत रुपमा निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ५.७ | मेची महाकाली विद्युतीय रेल्वे ट्र्याक स्टाण्डर्ड गेजमा निर्माण गर्न २०६६।६७ देखि कार्य शुरु भएको रेल, मेट्रो तथा मोनोरेल आयोजनाले यो वर्षसम्म २ प्रतिशतमा प्रगति भएको । | लक्ष्यअनुसार प्रगति हासिल गर्न आयोजना व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्न निर्देशन दिने । |
| ५.८ | साँघुटार ओखलढुंगा कुइभिर सडक, सासेक राजमार्ग सुधार आयोजना, दोस्रो पुल सुधार तथा सम्भार आयोजना र मनाङ-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक आयोजनाको भौतिक प्रगति न्यून देखिएको । | साँघुटार ओखलढुंगा कुइभिर सडक, सासेक राजमार्ग सुधार आयोजना, दोस्रो पुल सुधार तथा सम्भार आयोजना र मनाङ-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक आयोजनाको भौतिक प्रगति न्यून देखिएकोले निर्माण कार्यलाई प्रभावकारी बनाई निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| ५.९ | पहिलो प्राथमिकता प्राप्त ४२ आयोजनामध्ये १७ आयोजनामा ५० प्रतिशतभन्दा कम, १९ आयोजनामा ५० देखि ७५ प्रतिशत र ६ आयोजनामा ७५ प्रतिशतभन्दा बढी प्रगति देखाएको छ । | लक्ष्यअनुसार प्रगति हासिल गर्न आयोजना व्यवस्थापन प्रभावकारिता वृद्धि गर्न निर्देशन दिने । |
| ५.१० | लक्ष्यअनुसार प्रगति हुन नसक्नुमा जग्गा अधिग्रहण एवं रेखाङ्कनमा विवाद, अन्तरनिकाय समन्वयको अभाव, जनशक्तिको अभाव आदि कारण रहेको । | जग्गा अधिग्रहण एवं रेखाङ्कनमा हुने विवाद निरुपण, अन्तर निकायबीचको समन्वय, पर्याप्त जनशक्तिको व्यवस्था गरी सडक एवं पुल निर्माण कार्यमा लक्ष्यअनुसार प्रगति |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
मलेपको ५८औं वार्षिक प्रतिवेदन – २०७८

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | हासिल गर्न आयोजना व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्न निर्देशन दिने । |
| ५.११ | बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन नभएको । | बजेट बक्तव्यमा उल्लिखित कार्यक्रम पर्याप्त बजेट विनियोजन गरी कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **दिगो विकास लक्ष्य** - मन्त्रालयबाट प्राप्त प्रतिवेदनमा उल्लिखित तथ्याङ्क पुष्टि हुने आधार खुलाएको छैन । | उल्लिखित तथ्यांकको पुष्टि हुने गरी दिगो विकास लक्ष्यका हालसम्मका प्रगतिका आधार पेश गर्न निर्देशन दिने । |
| ७ | **कानुनको पालना -** | *** |
| ७.१ | निर्माण व्यवसायीहरूले पेस्की रकमबाट गरेको खर्चको मासिक विवरण पेस्की दिने कार्यालयमा बुझाउने र कार्यालयलेसमेत पेस्की रकम निर्माण कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । | उल्लिखित कार्यको सम्बन्धमा निर्माण व्यवसायीहरूले पेस्की रकमबाट गरेको खर्चको मासिक विवरण सम्बन्धित कार्यालयमा बुझाए नबुझाएको यकिन गरी पेस्की रकम निर्माण कार्यमा खर्च गरे नगरेको सुनिश्चित गर्न र प्रभावकारी अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७.२ | सडकको स्तरअनुसार सडक निर्माण शुरु गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएको भए तापनि सुधार भएको छैन । | सडकको स्तरअनुसार सडकको चौडाई निर्धारण गर्न नेपाल सडक मापदण्ड, २०७० को प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **नीति तर्जुमा र कार्यान्वयन -** | *** |
| ८.१ | मन्त्रालयले वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयनमा ल्याए तापनि सोसम्बन्धी कार्यको अद्यावधिक प्रगति विवरण तयार नगरेकोले कार्यान्वयन स्थिति मूल्याङ्कन गर्न सकिएन । | अद्यावधिक प्रगति विवरण तयार गरी कार्यान्वयन स्थिति मूल्यांकन गर्न निर्देशन दिने। |
| ८.२ | सडक, रेल तथा यातायातको विकास गर्न पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) मध्ये ४ वर्ष सम्ममा ४०.८९ प्रतिशत मात्र खर्च भएको। | सडक, रेल तथा यातायातको विकास गर्न पाँच वर्षे रणनीतिक योजनामा उल्लेख भएका कार्यहरुका लागि पर्याप्त बजेट व्यवस्था गरी प्राथमिकता निर्धारण गरेर कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ८.३ | मन्त्रालयले रेल सञ्चालन एवं सुरक्षासम्बन्धी नीति एवं मापदण्ड तयार गरेको छैन। | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ९ | **कार्यक्षेत्र** - प्रदेश सरकार र स्थानीयतहको कार्यक्षेत्रमा पर्ने सडक संघीय सरकारबाट निर्माण गरिने गरी नेपाल सरकारको निर्णय विपरीत बजेट विनियोजन गरेको उपयुक्त देखिएन । | संघ, प्रदेश र स्थानीयतहको अधिकार क्षेत्र किटान गरी सडक निर्माण तथा मर्मत कार्यमा दोहोरो नपर्ने गरी बजेट व्यवस्था गर्न र निर्माण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने। |
| १० | **लागत अनुमान** - निर्माणस्थलमा उपलब्ध हुन सक्ने निर्माण सामग्री उपयोग गर्ने गरी लागत अनुमान तयार गरी मितव्यियतातर्फ ध्यान नदिएको । | स्थानीय स्रोतसाधन उपयोग हुने गरी निर्माणस्थलमा उपलब्ध हुन सक्ने निर्माण सामाग्रीको प्रयोग गरी लागत अनुमान तयार गर्न र मितव्ययी रूपमा कार्य गर्न गराउन निर्देशन दिने । |
| ११ | **ठेक्का हस्तान्तरण** - प्रदेश सरकारलाई हस्तान्तरण गर्दै जाने नीतिअनुरूप हस्तान्तरण हुन नसकेका कारण ठेक्काहरू अलपत्र भई निर्माण कार्य अधुरो रहेको । | विगत लामो समयदेखि सम्पन्न हुन नसकेका साविक सडक विभाग र मातहात कार्यालयबाट ठेक्का व्यवस्थापन भएका सडक तथा ठेक्का प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वा विभाग आफैले गर्ने यकिन गरी यथाशीघ्र निर्माण सम्पन्न गर्न निर्देशन दिने । |
| १२ | **माथिल्लो निकायबाट ठेक्का व्यवस्था** - विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयको काममा हस्तक्षेप हुने गरी ठेक्का पट्टाको कार्य गर्नु उपयुक्त देखिएन । | विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयमा पर्याप्त जनशक्ति र पूर्वाधार विकास गरी ठेक्का पट्टाको कार्य सम्बन्धित कार्यालयबाट गर्न गराउन निर्देशन दिने। |
| १३ | **सम्पत्तिको संरक्षण** - मन्त्रालय मातहत रहेको जग्गामा सीमामा तारबार नलगाएकोले जग्गा अतिक्रमण हुने अवस्था देखिएको ।यातायात व्यवस्था विभाग परिसरमा रहेका पुराना बस, केबुलतारलगायतका जिन्सी सम्पत्ति बेवारिसे अवस्थामा रहेको । | मन्त्रालय र मातहातका निकायका स्वामित्वमा रहेका जग्गा एवं जिन्सी सम्पत्तिको अभिलेख राखी त्यसको उचित संरक्षण र व्यवस्थापन गर्न निर्देशन दिने । |
| | **सडक विभाग** | |
| १४ | **नर्म्सको तर्जुमा एवं स्वीकृति** - सडक विभागले नेपाल सरकार मन्त्रिपरिषदबाट नर्म्स स्वीकृत नगराई पुलको लागत अनुमान तयार गरेको। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| १५ | **योजना कार्यान्वयन**- परामर्शदातामार्फत् विस्तृत सर्भेक्षण तथा ड्रइङ डिजाइन | अब आइन्दा परामर्शदातामार्फत् विस्तृत सर्भेक्षण तथा ड्रइङ डिजाइन तयार भएका |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | तयार गर्ने तर निर्माण कार्य नहुनाले परामर्श सेवामा भएको खर्चको उपादेयता देखिएन । | पुलहरुको पर्याप्त बजेट व्यवस्था गरी समयमै निर्माण गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने । |
| १६ | **क्षतिपूर्ति भुक्तानी –** परामर्शदातालाई पर्याप्त अध्ययन नगरी क्षतिपूर्ति भुक्तानी गरेको। | पर्याप्त अध्ययन नगरी सम्झौता गर्ने र क्षतिपूर्ति भुक्तानी दिने पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा परियोजना बैंक तयार गर्ने, कार्य संचालन गर्नु पूर्व सम्भाब्यता अध्ययन गर्न र परामर्शदातालाई उसले गर्नुपर्ने काम तथा कार्यक्षेत्र तोक्न निर्देशन दिने । |
| १७ | **ठेक्का व्यवस्थापन -** प्रथम चौमासिकपछि सम्झौता गरेकोले समयमै ठेक्काको काम सम्पन्न नभई आगामी वर्षको लागि जिम्मेवारी सरेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| १८ | **अधुरो निर्माण कार्य -** | *** |
| १८.१ | पुष्पलाल मध्य पहाडी राजमार्ग योजना कार्यालय पाँचथरले ठेक्का लगाएका सडक निर्माण कार्य अधुरो रहेको । | छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १८.२ | सडक डिभिजन, काठमाडौंबाट खरिद सम्झौता भएका स्थानमा बाँकी कार्य गर्न निर्माणस्थल उपलब्ध नभएकोले ठेक्का अधुरो अवस्थामा रहेका छन् । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.३ | निर्माण व्यवसायीले पेस्की लिएपछि निर्माण कार्य शुरु नगरी निष्क्रिय रहेको कारण सम्झौताको म्याद थप भएको छ । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.४ | सडक डिभिजन, धनुषाबाट प्राप्त विवरणअनुसार गत विगतमा खरिद सम्झौता भएका ११ ठेक्काको म्याद समाप्त भइसके तापनि निर्माण कार्य अधुरो रहेको छ। | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.५ | सानी भेरी नदीमा पुल निर्माण गर्न २०७४।३।९ मा खरिद सम्झौता भएकोमा सडक तथा पुलको एलाइनमेन्ट यकिन नभएको, स्थानीय समुदायमा विवादसमेत रहेकोले २०७७ चैत्र सम्म निर्माण शुरु गरेको छैन । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १८.६ | सडक डिभिजन नेपालगञ्जले खरिद सम्झौता गरेका ९ ठेक्कामा रू.२ करोड ८४ लाख ५६ हजार भुक्तानी भइसकेकोमा निर्माण कार्य अधुरो रहेको छ। | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.७ | सडक डिभिजन, दोलखाले २०६६।६७ देखि २०७०।७१ सम्म खरिद सम्झौता गरी कार्यान्वयनमा रहेका मध्ये १४ खरिद सम्झौताको म्याद समाप्त भई अलपत्र परेका छन् । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.८ | पुष्पलाल (मध्यपहाडी) योजना कार्यालय, पर्वतअन्तर्गत दरम खोलामा पुल निर्माणको सम्झौताको म्याद समाप्त भएको र हालसम्म कार्यसम्पन्न नभएको। | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.९ | म्याद समाप्त भएको लामो अवधिसम्म पनि निर्माण कार्यसम्पन्न नगरी निष्क्रिय बसेको निर्माण व्यवसायीलाई कारबाही गरेको पाइएन। | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.१० | हुलाकी राजमार्ग योजना कार्यालय, पर्साअन्तर्गत गंगोल पुल निर्माण गर्न पटक पटक म्याद थप भएकोमा हाल सम्म पनि निर्माण व्यवसायीले काम शुरु गरेको छैन । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.११ | पुल योजना मध्य सेक्टर नम्बर २, ललितपुरअन्तर्गत ३३ ठेक्काको काम सञ्चालनमा रहेको मध्ये १५ ठेक्काको प्रगति ७६ प्रतिशतभन्दा कम रहेको छ। | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.१२ | सडक डिभिजन, झापाअन्तर्गत गौरिया खोलामा आर.सी.सी. पुल र दामुना खोलामा स्ल्याब कल्भर्ट निर्माण गर्न २०६७।११।२७ सम्म सम्पन्न गर्ने म्याद रहेकोमा म्याद समाप्ति पश्चात म्याद थप भएको छैन । | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| १८.१३ | निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेकोले नदी वारपार गर्न प्रत्येक वर्ष कार्तिक/मंसिरमा बेलीबृज जडान गरी जेष्ठ महिनामा खोलेर राख्न | सुझावअनुसार एक महिनाभित्र आवश्यक कारवाही गरी गराई विवरण समितिमा पेश गर्न निर्देशन दिने । |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मलेपको ५८औं वार्षिक प्रतिवेदन – २०७८

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | अतिरिक्त खर्च हुने गरेको छ । | |
| १९ | **दायित्व सिर्जना** - सडक डिभिजन, काठमाडौंले बहुवर्षीय स्वीकृति नलिई वर्षान्तमा खरिद सम्झौता गरी आगामी वर्षको लागि दायित्व सिर्जना हुने गरी खरिद सम्झौता गरेको छ। | उल्लिखित बेरुजुका सम्बन्धमा एक महिनाभित्र अद्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । अब आइन्दा स्रोत सुनिश्चित गरेर र पूर्व स्वीकृति लिएर मात्र निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| २० | **कन्टिन्जेन्सी खर्च** - | *** |
| २०.१ | विभाग र मातहतका कार्यालयले ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्ने र कन्टिन्जेन्सीको ठेक्कागत खर्च अभिलेख नराखेको । | कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा ठेक्कागत खर्च अभिलेख राख्ने कार्य अनिवार्य रुपमा गर्न गराउन निर्देशन दिने । |
| २०.२ | विभागले विनियोजन आर्थिक कार्यविधि नियमावलीबमोजिम फ्रिज हुनुपर्ने शीर्षकको रकम आर्थिक वर्षको अन्तमा फ्रिज नगरी पछिल्लो वर्ष खर्च गरेको उपयुक्त देखिएन। | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम फ्रिज नहुने भनी तोकिएको शीर्षकको रकम वाहेक अन्य रकम फ्रिज गरी संचित कोष दाखिला गर्न निर्देशन दिने । |
| २०.३ | मूलघाट-दोभान-ओलाङ्गचुङ्गगोला सडक योजना, ताप्लेजुङले निर्देशिकाले तोकेभन्दा बढी कन्टिन्जेन्सी खर्च गरेको नियमसम्मत देखिएन । | उल्लिखित बेरुजुको सम्बन्धमा हालको स्थिति प्रतिवेदन र सवुत प्रमाणहरु एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| २१ | **पूर्वनिर्धारित क्षतिपूर्ति** – | *** |
| २१.१ | मुडे-चरिकोट सडक स्तरोन्नति गर्ने निर्माण व्यवसायीसँग २०० दिनको पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | सम्मानित जिल्ला अदालतको आदेश अनुरुप पूर्व निर्धारित क्षतिपूर्ती वापत कुनै पनि रकम नकटाउनु भनिएको जनाएकोले उक्त बेरुजु लगत हटाउने र अदालतको आदेशको प्रतिलिपि समितिमा पेश गर्न निर्देशन दिने । |
| २१.२ | लोदिया नदीमा पुल निर्माण गर्ने निर्माण व्यवसायीसँग सम्झौता बमोजिमको १५० दिनको क्षतिपूर्तिबापतको नपुग रकम असुल हुनुपर्ने । | सम्झौताको म्याद थप भई माइलस्टोन संशोधनसमेत भएकोले क्षतिपूर्ति रकम असुल गर्नु नपर्ने देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने र माइलस्टोन संशोधन सम्बन्धी कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| २१.३ | मिर्मी-फलेबास-अर्मादी खण्डको निर्माण व्यवसायीको र दैलातुङ-दरपोक | मिर्मी-फलेबास-अर्मादी खण्डको हकमा अदालतको निर्णयानुसार गर्न र दैलातुङ- |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | सडक विस्तार तथा स्तरोन्नति गर्ने कार्यको निर्माण व्यवसायीसँग पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ । | दरपोक सडक विस्तार तथा स्तरोन्नति गर्ने कार्यको निर्माण व्यवसायीसँग पूर्वनिर्धारित क्षतिपूर्ति तीन महिनाभित्र असुल गरी समितिमा विवरण पेश गर्न निर्देशन दिने । |
| २१.४ | गुर्जेखोला पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई अन्तिम भुक्तानी गर्दा पूर्व निर्धारित क्षतिपूर्ति कट्टा गरेको देखिएन । | दुई महिना भित्र असुल गरी सोको विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २१.५ | दानव नदी (कलुवा-खड्वा खण्ड) र (मुनमटरिया-नगडिहवा खण्ड) मा पुल निर्माण गर्न निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ । | सडक डिभिजन, रुपन्देही अन्तर्गतका उल्लिखित बेरुजुहरुका सम्बन्धमा चालु आ.व. भित्र असुल गरी सोको विवरण पेश गर्न निर्देशन दिने । |
| २१.६ | गाईघाट-दिक्तेल सडक योजना कार्यालय, उदयपुरले सडक विस्तार तथा कालोपत्रे कार्य गर्ने निर्माण व्यवसायीसँग रू.२ करोड ४२ लाख ३८ हजार असुल हुनुपर्ने । | प्रगति विवरणसहित म्याद थपको कागजात पेश गर्न निर्देशन दिने र नियमानुसार म्याद थप भएको अवस्थामा रकम असुल गर्नु नपर्ने भएकोले बेरुजु लगत हटाउने। |
| २१.७ | पुल योजना मध्य सेक्टर नम्बर २ ले निर्माण व्यवसायीसँग सम्झौताबमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति रू.५ करोड ८२ लाख ७५ हजार रोक्का नगरी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ । | छानिविन गरी बिस्तृत विवरणसहितको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| २२ | **भेरिएसन -** | *** |
| २२.१ | परामर्शदातासँग शुरु सम्झौताभित्रको कामको क्षेत्र तथा प्रकृति नै फरक हुने गरी भेरिएसन गरेको । | हालको प्रगति राम्रो भएको जनाएकोले बेरुजु लगतबाट हटाउन र अब आइन्दा यस्ता कार्य नियमसम्मत गर्न निर्देशन दिने । |
| २२.२ | चारआली केचना सडक निर्माण कार्यमा शुरु लागत अनुमान दरभन्दा बढी दरमा भेरिएसन स्वीकृत गरी नेपाल सरकारलाई थप व्ययभार पारेको देखियो। | उल्लिखित बेरुजु सम्बन्धी कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| २२.३ | चतरा कोशी कोरिडोरको सडक रेखाङ्कन यकिन नगरी ठेक्का सम्झौता गरेको कारण भेरिएसन गर्नु परेको । | अब आइन्दा सडक रेखाङ्कन यकिन गरेर मात्र ठेक्का सम्झौता गर्न र अनावश्यक भेरियशन गर्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| २२.४ | राजविराज कुनौली सडक ससरीको निर्माणमा प्रोभिजनल सम आइटममा | गैरकानूनी भेरिएसन गर्ने कर्मचारीलाई सचेत गराउने र अव आइन्दा प्रोभिजनल |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मलेपको ५८औं वार्षिक प्रतिवेदन – २०७८

बेरुजुको

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | भेरिएसन गरी प्रतिस्पर्धाबिगर काम गराउनु नियमसम्मत देखिएन । | सम आइटममा भेरिएसन गरी प्रतिष्पर्धाबिगर काम गराउने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| २२.५ | गल्छी त्रिशूली मैलुङ्ग सडक खण्ड निर्माणमा भेरिएसन स्वीकृत गर्दा सडकको डिजाइन गर्ने परापर्शदातालाई कारबाही गर्ने निर्णय भए तापनि कारबाही भएको छैन। | भेरियसन स्वीकृत गर्दा सडकको डिजाइन गर्ने परामर्शदातालाई कारवाही गर्ने निर्णय भए अनुसार तत्काल कारवाही गर्न र भेरियसन स्वीकृत गर्न ढिलाई गर्ने पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| २२.६ | पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय, धुलिखेलले ठेक्का प्रक्रिया शुरु हुनु अगाडि नै जलाशययुक्त आयोजनाबाट पर्ने असरको यकिन नगरेकोले भेरिएसन लागत वृद्धि हुन गएको छ । | मन्त्रालयले दिएको निर्देशन कार्यान्वयन नगर्ने पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| २२.७ | जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार योजना, जनकपुरले सडक निर्माण कार्यको एक ठेक्कामा सम्झौतापछि विभिन्न थप काम देखाई भेरिएसनबाट लागत वृद्धि गरेको । | उल्लिखित बेरुजुका सम्बन्धमा थप पुष्ट्याई हुने विवरण तथा कागजात एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| २२.८ | बेलुवाचोक- कर्णालीपुल सडक निर्माणको करिब ३२ प्रतिशत काम गरेपछि कल्भर्ट, पर्खाल निर्माण लगायतको काम छुटेको उल्लेख गरी रू.१ करोड १७ लाख ७७ हजारको भेरिएसन स्वीकृत गरेको छ । | भेरियसन गर्ने कार्यलाई निश्चित सीमाभित्र बनाउन कानूनी सुधार गर्न निर्देशन दिने। |
| २२.९ | आधार, कारणबेगर साविकको सम्झौतामा घटाएको र सोही कामको लागि अर्को खरिद सम्झौता गर्दा सरकारलाई थप व्ययभार पारेको । | उल्लिखित बेरुजुका सम्बन्धमा आधार र कारण खुलाई थप पुष्ट्याई समितिमा पेश गर्न निर्देशन दिने । |
| २२.१० | मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मी र सडक डिभिजन बुटवलले भेरिएसन आदेशमा उल्लिखितभन्दा बढी परिमाणको भुक्तानी गरेको छ । | भेरियसन स्वीकृत भएको परिमाणभन्दा बढी परिमाणमा कार्य गराई भुक्तानी दिएको सम्बन्धमा छानवीन गरी एक महिनाभित्र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| २२.११ | पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेखले सडक तथा पुल निर्माण गर्दा पूर्वानुमान गर्न सकिने कामसमेत शुरु लागत अनुमानमा | भेरियसन स्वीकृत भएको परिमाणभन्दा बढी परिमाणमा कार्य गराई भुक्तानी दिएको सम्बन्धमा छानवीन गरी एक महिनाभित्र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | समावेश नगर्नाले पुलको लागतमा वृद्धि भएको छ । | दिने। |
| २२.१२ | भद्रपुर राजगढ सडक निर्माण कार्यमा केही चेनेजमा बढी चौडाई देखाई नापी गरेको कारणबाट बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । | छानवीन गरी एक महिनाभित्र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| २३ | मूल्य समायोजन - | *** |
| २३.१ | मूल्य समायोजन विवरण खाली राखी बोलपत्र पेस गरेको निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिएको । | सार्वजनिक खरिद अनुगमन कार्यालयको परिपत्र विपरीत भुक्तानी दिएको रकम असुल गर्न र बोलपत्र सम्बन्धी कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.२ | सम्झौता विपरीत सडक डिभिजन, जुम्लाले तिला नदीमा पुल निर्माण गर्ने निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.३ | पेस्की रकम नघटाई मूल्य समायोजन दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.४ | निर्माण सामग्रीको इन्डेक्स फरक पारी मूल्य समायोजन गणना गरेको कारण बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.५ | निर्माण व्यवसायीसँग भएको २ खरिद सम्झौतामा बढी भुक्तानी भएको रू.५४ लाख ७४ हजार असुल हुनुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.६ | म्याद थपपछिको अवधिको इन्डेक्सबाट मूल्य समायोजन गणना गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ। | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.७ | इण्डेक्स फ्रिज गरेको अवधिकै फ्याक्टरले मूल्य समायोजन गणना गरेर र मूल्य समायोजन फ्याक्टर फरक पारेर बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २३.८ | पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेखले ६ ठेक्कामा बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.९ | हुलाकी राजमार्ग योजना कार्यालय, सुनसरीले मूल्य समायोजन फ्याक्टरअनुसारको गणनामा जोडजम्मा फरक पारी बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१० | सेती नदीमा पुल निर्माण गर्ने कार्यका निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.११ | कमला नदीमा पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई जोडजम्मा फरक पारी बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१२ | मूल्यसूची फ्रिज भएको अवधिपछिको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१३ | मूल्य समायोजन फ्याक्टर फरक पारी मूल्य समायोजन भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१४ | भेरिएसनबाट थप नयाँ आइटममा समेत मूल्य समायोजन भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१५ | मूल्य समायोजन वृद्धि हुँदा भुक्तानी दिने तर घट्दा बिलबाट समायोजन नगर्ने परिपाटी कानुनसम्मत नभएको। | उल्लिखित बेरुजु सम्बन्धमा एक महिनाभित्र छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल गरी सम्बन्धित कागजातहरु समितिमा पेश गर्न निर्देशन दिने । |
| २४ | **फरक मूल्यसूची -** फरक इण्डेक्सलाई आधार लिई बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । | एक महिनाभित्र राष्ट्र बैंकसँग समन्वय गरी उपयुक्त इन्डेक्सका आधारमा मूल्य समायोजन गरेको बारेमा छानविन गर्न र बढी भुक्तानी भएको भए असुल गर्न तथा प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २५ | **डिजाइन र निर्माण सम्झौतामा मूल्य समायोजन –** समितिले कानुनद्वारा थप व्यवस्थित गर्न सुझाव दिएकोमा हालसम्म कानुनी व्यवस्था गरेको छैन । | डिजाइन र निर्माण सम्झौता प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धमा बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन तथा भेरियसन लगायतका पक्षमा विविधता देखिएको हुँदा समितिले २०७६/११/८ मा कानूनद्वारा थप व्यवस्था गर्न निर्देशन दिएकोमा हालसम्म कार्यान्वयन नभएकोले यथाशीघ्र व्यवस्था गर्न पुनः निर्देशन दिने । |
| २६ | **खरिद सम्झौताको अन्त्य -** | *** |
| २६.१ | खुर्कोट-घुर्मी सडक खण्डअन्तर्गत खाडसाङ् र सोखुखोला पुल निर्माण कार्यको बाँकी रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ । | एक महिनाभित्र असुल गर्न र सो को प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| २६.२ | सडक डिभिजन, सुर्खेतले रामघाट दशरथपुर पुल निर्माण कार्यको रू.६ करोड ४० लाख ८६ हजार निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ । | एक महिनाभित्र असुल गर्न र विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २७ | **बिल भरपाई** - प्रोभिजनल समबाट भुक्तानी गरेको खर्चको बिल, भरपाई पेस भएको छैन । | प्रोभिजनल समबाट भुक्तानी गरेको खर्चको बिल, भरपाईसहितका कागजात पेश गर्न र भुक्तानी गर्नेलाई सचेत गराउन निर्देशन दिने । |
| २८ | **चेनेज फरक र ओभरल्याप -** | *** |
| २८.१ | सडक डिभिजन, भक्तपुरबाट ५ ठेक्का सम्झौतामा तोकिएको चेनेजभन्दा फरक चेनेजमा कार्य गराई भुक्तानी गरेको नियमसम्मत देखिएन । | स्थलगत रूपमा अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन दिन निर्देशन दिने । |
| २८.२ | च्यामासिङ्ग-नाला-बनेपा सडक निर्माण कार्यको सम्झौतामा उल्लेख नभएको सडक चेनेजमा काम गराई भुक्तानी दिएको उपयुक्त देखिएन । | स्थलगत रूपमा अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन दिन निर्देशन दिने । |
| २८.३ | पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, गोरखाले एउटै चेनेजमा दोहोरो पर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेको । | स्थलगत रूपमा अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २९ | **प्रोभिजनल समबाट भुक्तानी** - मोहना पुल-अत्तरिया सडक योजना, कैलालीले प्रोभिजनल सममा व्यवस्था गरेको काममा निर्माण व्यवसायीलाई प्रतिस्पर्धाबिगर भुक्तानी दिएको । | सम्बन्धित पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा प्रतिस्पर्धाबिगर सोझै खरिद गर्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| ३० | **आयकर** - नागढुङ्गा सडक सुरुङ मार्गको विस्तृत अध्ययन, डिजाइन प्रतिवेदन तयार गर्न आयकर नलाग्ने गरी खरिद सम्झौता गरेको नियमसम्मत देखिएन । | अब आइन्दा आयकर लाग्ने गरी सम्झौतामा सुधार गर्न नेपाल सरकार अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने । |
| ३१ | **कर कट्टी** - रवि-राँके सडक योजना, इलामले निर्माण व्यवसायीलाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरेको रकम असुल हुनुपर्दछ । | असुल गरेको जनाएकोले सोको प्रमाण समितिमा पेश गर्न र बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ३२ | **निर्देशनको पालना** - सडक विभाग मातहतका ७ कार्यालयले पेस्कीमा समेत मूल्य समायोजन दिनेगरी सम्झौता गरेको । | नयाँ बिड डकुमेन्टमा यस्तो व्यवस्था समावेश भएकोले कानून सम्मत नै देखिएकोले उल्लिखित बेरुजु लगतबाट हटाउन निर्देशन दिने । |
| ३३ | **जमानतको म्याद** - | *** |
| ३३.१ | सडक डिभिजन, काठमाडौंले १७ ठेक्कामा दिएको पेस्की बाँकी रहेकोमा ठेक्काको म्याद र पेस्की जमानतको म्याद समाप्त भइसकेकोले उक्त पेस्की रकम जोखिममा परेको । | उल्लिखित रकम एक महिनाभित्र असुल गरी विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३३.२ | सडक डिभिजन, काठमाडौं र धनुषाअन्तर्गतको ठेक्काको कार्य सम्पन्न नभएकोमा कार्य सम्पादन जमानत म्याद समाप्त भएको छ । | एक महिनाभित्र छानविन गरी असुल उपर गरि सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ३३.३ | मूलघाट-दोभान ओलाङ्गचुङ्गगोला सडक योजना, ताप्लेजुङका ४ निर्माण व्यवसायीको ठेक्काको म्याद र पेस्की जमानतको म्याद समाप्त भइसकेकोले निजहरूलाई दिएको पेस्की जोखिममा परेको । | असुल गरेको जनाएकोले विवरण समितिमा पेश गर्न निर्देशन दिने र लगतबाट बेरुजु हटाउने । |
| ३३.४ | सडक डिभिजन, धनुषाको ८ ठेक्काको पेस्की जमानतको म्याद समाप्त भएकोले उक्त पेस्की जोखिममा परेको छ । | एक महिनाभित्र छानविन गरि असुल उपर गरेर विवरण समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३३.५ | सडक डिभिजन, पाल्पाले ३ निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेस्कीको बैङ्क जमानतको म्याद समाप्त भएको छ । | सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र एक महिनाभित्र बैंक जमानत रकम असुल गरी विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३४ | **कार्यक्षेत्र परिवर्तन** - सडक डिभिजन, काठमाडौंले एक सडक खण्डमा ठेक्का लगाई अन्य सडक खण्डमा कार्य गराएको । | एक सडक खण्डमा ठेक्का लगाई अन्य सडक खण्डमा कार्य गराउने सम्बन्धित पदाधिकारीलाइ पन्ध्र दिनभित्र स्पष्टिकरण सोध्न र कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| ३५ | **एजबिल्ट नक्सा** - सडक विभागअन्तर्गत १४ कार्यालयबाट सम्झौताअनुसार एज बिल्ट नक्सा पेस नहुँदै भुक्तानी दिएको । | अब आइन्दा एज बिल्ट नक्सा पेस नहुँदै भुक्तानी नदिन र उल्लिखित बेरुजु लगतबाट हटाउन निर्देशन दिने । |
| ३६ | **निर्माण कार्यको डिजाइन** - स्वीकृत डिजाइनअनुसार कार्य नभएको जनाई बाँकी निर्माण कार्य स्थगित भएको छ । | प्रगति प्रतिवेदन समितिमा पेश गर्न तथा सुझावअनुसार गर्न निर्देशन दिने । |
| ३७ | **निर्माणमा त्रुटि** - | *** |
| ३७.१ | तिनकौरीया-लग्मा-सागरा-कमला नदी खण्डको सडक र सो स्थानमा बनेका कल्भर्टसमेत २०७६ आषाढमा आएको बाढीले पूर्ण रूपमा क्षति गरेको । | फोटो सहितको कार्यसम्पन्न अध्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३७.२ | कमला नदीको चौडाईको तुलनामा पुलको लम्बाई घटी रहेको । | अब आइन्दा पुलको डिजाइन स्वीकृत गर्दा क्षतिलाई आँकलन गरेरमात्र गर्न निर्देशन दिने । |
| ३७.३ | कालीगण्डकी नदीमा बाढीबाट त्रुटि सच्याउने अवधिमा पुलमा क्षति भएकोमा सम्झौताअनुसार त्रुटि सच्याउने कार्य गरेको छैन । | एक महिनाभित्र अध्यावधिक बिवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३७.४ | सडक निर्माणको क्रममा निर्माण भएका संरचनाहरू वर्षाको कारण क्षति भएकोमा बीमा कम्पनीबाट क्षतिपूर्ति नलिई भेरिएसनबाट काम थप गरी भुक्तानी गरेको । | एक महिनाभित्र समग्र अध्यावधिक विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८ | **बढी भुक्तानी** - | *** |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३८.१ | डिजाइन तथा लागत अनुमानभन्दा बिटुमिन बढी खपत देखाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | बढी भुक्तानी भएको रकम तीन महिनाभित्र असुल गरी विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३८.२ | नापीमा बढी संख्या राखेको कारणबाट बढी भुक्तानी रकम असुल हुनुपर्दछ। | बढी भुक्तानी भएको रकम एकमहिनाभित्र असुल गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३८.३ | नर्म्सअनुसार बढी दरले खपत गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । | प्राविधिक परीक्षण गरी बिवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८.४ | एउटै चेनेजमा कटिङ र फिलिङको परिमाण भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | बढी भुक्तानी भएको रकम एकमहिनाभित्र असुल गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३८.५ | सम्झौता परिमाणभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | स्वीकृत भेरियसन एकिन गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८.६ | मुख्य विशेषज्ञ परिवर्तन गरेकोमा ५ प्रतिशतले हुने तलब कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने । | सम्झौताअनुसार असुल गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने। |
| ३९ | **बीमा** - सडक डिभिजन, धनुषाबाट सम्झौता भएका ७ ठेक्काका निर्माण व्यवसायीले घटी रकमको बीमा गराएको । | फरफारक नभएको भए एक महिनाभित्र गर्न र बीमा गरे नगरेको विवरण समितिमा पेश गर्न तथा अब आइन्दा सम्झौताले तोकेको रकमको विमा गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ४० | **धरौटी** - | *** |
| ४०.१ | सडक डिभिजन, काठमाडौंको धरौटी खाताको रकम छानबिन गरी राजस्व दाखिला गर्नुपर्ने । | छानवीन गरी एक महिनाभित्र विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४०.२ | सडक डिभिजन, धनुषाको धरौटी खातामा तिर्नुपर्ने दायित्वभन्दा धरौटी हिसाबमा घटी देखिएको सम्बन्धमा छानबिन गर्नुपर्ने । | छानवीन गरी एक महिनाभित्र विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४०.३ | सडक डिभिजन, भक्तपुरले प्रयोजन समाप्त भइसकेको धरौटी सदरस्याहा गरी | एक महिनाभित्र धरौटी सदरस्याहा गरी राजस्व दाखिला गरी प्रमाण समितिमा पेश |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | राजस्व दाखिला गरेको छैन । । | गर्न निर्देशन दिने। |
| ४१ | **मोबिलाइजेसन पेस्की -** | *** |
| ४१.१ | ३० प्रतिशत भौतिक प्रगति नपुगेकोले सम्झौताअनुसार पेस्की जफत गर्नुपर्ने। | जफत रकम दाखिला गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४१.२ | निर्माण कार्यको ८० प्रतिशत अवधि समाप्त भएकोले पेस्की ब्याजसहित असुल हुनुपर्दछ । | सहयोग नगर्ने बैङ्कका कर्मचारीलाई आवश्यक कारवाही गर्न र एकमहिनाभित्र पेश्की व्याजसहित असुल गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४१.३ | बैङ्क जमानत जफत गरी फछ्र्यौट गरेकोमा ब्याज असुल गरेको छैन । | एकमहिनाभित्र असुल गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४२ | **डिजाइनमा त्रुटि -** | *** |
| ४२.१ | निर्माण भएको पाइलको लोड परीक्षण गर्दा स्पेसिफिकेसनभन्दा कम देखिएकोले निर्माण कार्य स्थगित भएको । | तीन महिनाभित्र परामर्शदातालाई कारवाही गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४२.२ | सडकको लम्बाई बढ्ने गरी भेरिएसन गरेकोले सोको मूल्य समायोजनसमेत बढ्ने देखियो । | परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई कारवाही गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ४२.३ | पत्थर खोलामा पुलको ३२ पाइल निर्माण भएपछि पिट (पीआईटी) तथा बेटा एनलाइसिस टेष्टमा केही पाइलहरू त्रुटिपूर्ण रहेको देखियो । | परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई कारवाही गरी प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| | **पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना** | |
| ४३ | **सडकको मापदण्ड -** लोकमार्ग सडक मापदण्डअनुसार आयोजनाले सडकको सीमा तोकेको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४४ | **विस्तृत आयोजना प्रतिवेदन -** आयोजनाले एकीकृत आयोजना प्रतिवेदन तयार नगरेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४५ | **बैङ्क जमानत -** आयोजना निर्देशनालयले भुक्तानी गर्दा शर्तसहितको जमानत | अब आइन्दा शर्त रहितको जमानत लिने व्यवस्था गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लिएको देखिएको । | |
| | **मदन भण्डारी राजमार्ग आयोजना** | |
| ४६ | **विस्तृत आयोजना प्रतिवेदन** - विस्तृत आयोजना प्रतिवेदनका आधारमा वार्षिक कार्यक्रम स्वीकृत गरी सडक निर्माण गर्नुपर्नेमा आयोजनाको एकीकृत विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिएन । | बिस्तृत आयोजना प्रतिवेदन बनाई बिबाद समाधान गरी निर्धारित समयमै निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ४७ | **कार्यक्षेत्र** - आयोजना कार्यालयले अन्य तह र निकायको कार्यक्षेत्रमा पर्ने सडकसमेत निर्माण गरेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४८ | **भेरिएसन** - पूर्वानुमान गर्न सकिने आइटमसमेत समावेश नगरी लागत अनुमान तयार गरेकोले लागतमा वृद्धि भएको छ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४९ | **निर्माण स्थलको सुनिश्चितता** - भौतिक संरचना नहटाई खरिद सम्झौता गरेकोले निर्माण कार्य शुरु हुन नसकेको । | विवाद समाधान गरेर मात्र खरिद सम्झौता गर्ने अनिवार्य व्यवस्था गर्न गराउन निर्देशन दिने । |
| | **हुलाकी राजमार्ग आयोजना निर्देशनालय** | |
| ५० | **आयोजनाको प्रगति** - लक्षित अवधिमा आयोजना सम्पन्न हुने देखिँदैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ५१ | **भेरिएसन** - पूर्वानुमान गर्न सकिने आइटममा समेत भेरिएसन गर्नाले थप व्ययभार परेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना** | |
| ५२ | **स्रोतको उपयोग** - लक्ष्यअनुरूप खर्च नहुँदा सुरुङ निर्माण कार्य समयमा सम्पन्न हुने देखिँदैन । | प्रगति विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ५३ | **प्रगति** - यो वर्ष एक किलोमिटर पहुँच सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ३१७ मिटर मात्र निर्माण भएको, ५०० मिटर सुरुङ निर्माण गर्ने लक्ष्य | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | रहेकोमा १५२ मिटर निर्माण भएको । | |
| ५४ | **जग्गा प्राप्ति** - आयोजनाको लागि आवश्यक सम्पूर्ण जग्गा अधिग्रहण भैसकेको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ५५ | **बढी भुक्तानी** - राजमार्गको सीमाले छोएको जग्गाको दररेट अनुसार मुआब्जा निर्धारण गरी भुक्तानी गरेकोले बढी दरले भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | उक्त गुठीको जग्गाको कित्ता राजमार्गमा जोडिएको प्रमाण पेश गर्न र बढी भुक्तानी भए नभएको एकिन गरी समितिमा विवरण पेश गर्न दिने । |
| | **काठमाडौं उपत्यका सडक विस्तार आयोजना** | |
| ५६ | **लक्ष्य प्रगति** - सम्झौता भएका मध्ये एक ठेक्का अन्त्य गरेको, एक ठेक्काको काम शुरु नभएको र २२ ठेक्काको भौतिक प्रगति ७५ प्रतिशतभन्दा कम रहेको छ । | स्पष्ट कार्ययोजना बनाएर उक्त समस्याको सहि पहिचान र समाधान गर्दै लक्ष्यअनुसार प्रगति हासिल गर्न निर्देशन दिने । |
| ५७ | **सम्झौता अन्त्य** - निर्माण व्यवसायीको कारणले ठेक्का अन्त्य गरेकोमा सम्पन्न गर्न बाँकी कामको मूल्याङ्कन गरी सोको २५ प्रतिशतले हुने रकम यकिन गरी असुल गर्नुपर्ने । | जफत गरी दाखिला गरेको प्रमाण समितिमा पेश गर्न र बाँकीको हकमा अदालतको आदेशअनुसार गर्न निर्देशन दिने । |
| ५८ | **निर्णय कार्यान्वयन** - त्रिपुरेश्वर-कलङ्की-नागढुङ्गा सडकको सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुनुपर्ने । | प्रगति विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ५९ | **पेस्की जमानत** – बैङ्कले पेस्की जमानत जफत नगरी जमानतको म्याद थप गरेकोले उक्त पेस्की ब्याजसहित असुल हुनुपर्दछ । | पेस्की ब्याजसहित असुल गर्न निर्देशन दिने । |
| | **आयोजना निर्देशनालय (ए.डी.बी.)** | |
| ६० | **वैदेशिक सहायताको उपयोग** - निर्माण व्यवसायीले सडक संरचनाहरूमा कार्यतालिकाबमोजिम कार्य गर्न नसकेका कारण समग्र आयोजनाको भौतिक | सुझावअनुसार गर्न निर्देशन दिने । |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मलेपको ५८औं वार्षिक प्रतिवेदन – २०७८

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | र वित्तीय प्रगति न्यून रहेको देखिन्छ । | |
| ६१ | **वित्तीय प्रगति** - पुँजीगत बजेट रू.१९ अर्ब विनियोजन भएकोमा रू.२ अर्ब ९१ करोड (१४.९ प्रतिशत) मात्र खर्च गरेको छ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ६२ | **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानी गरेकोले सो रकमको कर समायोजन प्रमाण पेस गर्नुपर्ने । | कर समायोजन प्रमाण पेश गर्न निर्देशन दिने । |
| ६३ | **मूल्य समायोजन** - बढेको इण्डेक्स प्रयोग गरी बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ । | अन्तिम भुक्तानी गर्दा समायोजन भएको प्रमाण पेश गर्न र उल्लिखित बेरुजु लगतबाट हटाउन निर्देशन दिने । |
| ६४ | **भेरिएसन** - आयोजनाले विद्युत पोल सार्ने कामको प्रोभिजनल सममा राखी प्रतिस्पर्धाबिगर भुक्तानी गरेको नियमसम्मत देखिएन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **रेल विभाग** | |
| ६५ | **जग्गा प्राप्ति** - रेलमार्ग निर्माणको लागि जग्गा प्राप्तिको कार्य अगाडि नबढेकोले निर्माण कार्य शुरु भएको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ६६ | **नर्म्सको तर्जुमा** - विभागले रेल्वेसम्बन्धी निर्माण कार्य गर्नको लागि अलग नर्म्स तथा स्पेसिफिकेसन स्वीकृत गरी लागू नगरेको । | तीन महिनाभित्र रेल्वे निर्माणका लागि अलग नर्म्स तथा स्पेशिफिकेशन स्वीकृत गरी लागू गर्न निर्देशन दिने । |
| ६७ | **रेल सेवा सञ्चालन** - रेल सञ्चालन एवं मर्मतको लागि आवश्यक जनशक्ति व्यवस्थापनको प्रबन्ध समयमा हुन नसकेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ६८ | **पेस्की अनुगमन** - ५ निर्माण व्यवसायीलाई दिएको पेस्की फर्स्यौट नभएकोमा ब्याजसमेत असुल गर्नुपर्ने । | एक महिनाभित्र असुल गरी सोको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| | **नेपाल पानी जहाज कार्यालय** | |
| ६९ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - आवधिक योजना र बजेट वक्तव्यमा | योजना तथा बजेट वक्तव्यमा उल्लेख भए अनुसार माइलस्टोन तय गरी |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | उल्लेख भएअनुसारको कार्य समयमै पूरा गर्नुपर्दछ । | कार्ययोजना बनाएर कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७० | **सेवा प्रवाह** - पानीजहाज तथा सो सञ्चालन गर्ने संस्था दर्ता नभएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन** | |
| ७१ | **यातायात गुरुयोजना** - काठमाडौं उपत्यका शहरी यातायात सुधार गुरुयोजनामा उल्लिखित विषयहरुलाई स्वीकृत गराई कार्यान्वयन गर्न नसकेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७२ | **अधिकार क्षेत्र** - एकै प्रकृतिका कार्य तीनै तहका सरकारहरूले गर्ने व्यवस्थाले जिम्मेवारीमा द्विविधा हुने देखिन्छ। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७३ | **संस्थागत व्यवस्था** - | *** |
| ७३.१ | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा यातायात व्यवस्था विभागलाई दिएको जिम्मेवारी उल्लेख गरेको छ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७३.२ | सडक विभागको जिम्मेवारीमा सवारी व्यवस्थापनको लागि सडक संरचना, सवारी चिन्हहरू मर्मत सम्भार गर्ने लगायतको रहेको छ। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७३.३ | सवारी व्यवस्थापन कार्यालयहरूले सवारी दर्ता, कर सङ्कलन, सवारी चालक अनुमतिपत्रको परिक्षा सञ्चालन लगायतका कार्य गर्दै आएका छन्। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७३.४ | उपर्युक्त निकायहरू सडक पूर्वाधार एवं सवारी व्यवस्थापनमा मात्र केन्द्रित रहेकोले सार्वजनिक यातायात अपेक्षितरूपमा व्यवस्थित हुन सकेको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७४ | **सार्वजनिक यातायात योजना** - | *** |
| ७४.१ | बाहिरी चक्रपथ निर्माण प्रारम्भ गर्ने कार्यक्रमको निर्माण कार्य प्रारम्भ भएको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
मलेपको ५८औं वार्षिक प्रतिवेदन – २०७८

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ७४.२ | काठमाडौं उपत्यकामा मेट्रो रेल सञ्चालन गर्न चौधौं योजना अवधिमा कार्य भएको पाइएन। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७४.३ | काठमाडौं उपत्यकामा यातायात व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष सम्बन्ध राख्ने निकायहरूले आपसी समन्वय गरी यातायात योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७५ | **नेपाल रोड सेफ्टी एक्सन प्लान ( २०१३-२०२०) -** सडक दुर्घटनाको हताहतिलाई सन् २०१५ सम्ममा ३५ प्रतिशत र २०२० सम्ममा ५० प्रतिशत ले कमी ल्याउने लक्ष्य राखिएको तयार गरिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७६ | **सुरक्षित सवारी** - नियमितरूपमा सवारीको अवस्था परीक्षणको व्यवस्था एवं अनुगमन गरी उपयुक्त देखिएका सार्वजनिक सवारीलाई मात्र सञ्चालन अनुमति दिनुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७७ | **ट्राफिक संकेत** - सडक किनारमा राखिएका गलत ट्राफिक संकेतहरू मापदण्ड अनुरूप प्रतिस्थापन गर्नुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७८ | **सवारी रुट** - सार्वजनिक यातायातमा ठुला सवारी साधनलाई प्रोत्साहन हुने गरी सवारी रुट अनुमति दिई सवारी रुटको डाटा बेस अद्यावधिक गर्नुपर्ने। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७९ | **ट्राफिक सुधार** - ट्राफिक प्रहरीको क्षमता विकास तथा ट्राफिक बत्ती, क्यामरा लगायतका पूर्वाधार व्यवस्था गर्नुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ८० | **दुर्घटना सम्भावित स्थल** - सडक दुर्घटनाको प्रवृत्ति नियमित अनुगमन गरी दुर्घटनायुक्त स्थलहरूलाई सुधार गरी दुर्घटना न्यूनीकरण गर्नेतर्फ अपेक्षित प्रगति नभएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **संगठित संस्था** | |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | **सडक बोर्ड नेपाल** | |
| ८१ | **सडक दस्तुर** - नेपाल सरकारले विभिन्न राजमार्गका १४ खण्डमा सडक दस्तुर सङ्कलन गर्ने अनुमति दिएकोमा सडक दस्तुर सङ्कलन गर्ने कार्य भएको छैन । | व्यवस्थित रूपमा सडक दस्तुर उठाउन र सोको उपयोग सडक मर्मतमा गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ८२ | **सडक दस्तुर असुली** - बोर्डले सडक दस्तुर सङ्कलन गर्न ठेक्का लगाएको सडक खण्डमा असुल गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल हुनुपर्ने । | तीन महिनाभित्र असुल गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल गरी विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| ८३ | **मौज्दात उपयोग** - सडक मर्मतको लागि प्राप्त रकम प्रभावकारी उपयोग नहुँदा सडकको गुणस्तरमा सुधार हुन नसकेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ८४ | **बोलपत्र जमानत जफत** - प्रस्ताव स्वीकृत गरी सम्झौता गर्न नआएको निर्माण व्यवसायीको बोलपत्र जमानत जफत गरी उक्त रकम कोष दाखिला गर्नुपर्ने। | जमानत जफत भएको जनाएकोले प्रमाण समितिमा पेश गर्न र बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ८५ | **पेस्की** - बोर्डबाट तत्कालीन जिल्ला विकास समितिहरूलाई दिएको पेस्की रकम फिर्ता हुनुपर्दछ । | छ महिनाभित्र उक्त पेस्की रकम फर्स्योट गरी विवरण समितिमा पेश गर्न निर्देशन दिने । |

प्रतिनिधि सभा

## सार्वजनिक लेखा समिति

बेरुजु छलफल उपसमिति

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७९/०३/१६ गते भएको पुनः छलफलको निर्णय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३८.७ | लुम्बिनी परिक्रमा सडक योजना रुपन्देहीले ठेक्का सम्झौतामा मूल्य समायोजन गर्दा बढी भुक्तानी भएको रू १ करोड ८६ लाख ९३ हजार असुल गर्नुपर्ने। | समितिको २१ औं प्रतिवेदनमा छानविन गरी असुल उपर गर्नुपर्ने भए असुल उपर गरी एकमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिएकोमा उपलब्ध छानविन प्रतिवेदन तथा कागजातबाट असुल उपर गर्न नपर्ने देखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |